# श्री ...................................... कृषक समूह

**. पाणिनी गाउँपालिका.वडा नं ...**
**अर्घाखाँचीको बिधान**
**२०...**

**प्रस्तावना**

कृषकहरुको सामुहिक प्रयासबाट कृषि तथा पशुजन्य गतिबिधिमा प्राविधिक सरसल्लाह, तालिम र आधुनिक कृषि प्रविधि र मित्र जीवहरुको संरक्षण गरी बिग्रदो वातावरणीय असन्तुलन र कृषि पैदावारको उन्नत विकास गर्न आधुनिक प्राविधिकको प्रयाोग बाट कृषि र कृषिजन्य उत्पादन बढाई आय आर्जन वृद्वि गरी कृषकहरुको जीवनस्तर उकास्ने र कृषिलाई सम्मानित पेशा बनाउने उद्देश्यले यो ................................................................................... **कृषक समूह ।समीती पाणिनी ...अर्घाखाँची** गठन गरिएको हो ।

## परिच्छेद-१

**१. संक्षिप्त परिचय र प्रारम्भ :–**

क) यस संस्थाको नाम :– **श्री** ............................................................ **कृषक समूह पाणिनी .. अर्घाखाँची** रहने छ ।
ख) यो बिधान समूह दर्ता भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषा :–**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस बिधान निम्न प्रकारले परिभाषित गरिएको छ ।
क) समूह :समूह भन्नाले **श्री** ........................................**कृषक समूह** लाई संझनु पर्दछ ।
ख) बिधान :बिधान भन्नाले **श्री** ......................................... **कृषक समूहको** बिधान २०.... लाई सम्झनु पर्दछ ।
ग) संस्था :संस्था भन्नाले **श्री** .........................................**कृषक समूह लाई** सम्झनु पर्दछ ।
घ) सदस्य सदस्य भन्नाले **श्री** ................................................................. **कृषक समूहका** सदस्यहरु लाई संझनु पर्दछ ।
ङ) कार्य समिति : कार्य समिति भन्नाले यो बिधान बमोजिम गठन भएको कार्य समितिलाई जनाउँछ ।
च) साधारण सभा :साधारण सभा भन्नाले यस समूहका **सदस्यता प्राप्त** व्यक्तिको भेलालाई बुझिन्छ ।

**३. संस्थाको छाप :–**

क) संस्थामा तीनवटा छाप रहेनछन् ।
ख) समूहको छापमा गोला वृत्त भित्र **श्री** ................................................................. **कृषक समूह** र नाम देखि तल समूहको ठेगाना **पाणिनी** ...................................... **अर्घाखाँची** ,रहने छ र भित्री गोलो भित्र कृषकहरु समूहमा बसेको तल तिर स्थापना बर्ष–.................... हुनेछ । अन्य २ वटा छापहरु मध्ये १ वटा छाप अध्यक्षको र अर्को छाप सचिवको हुनेछ ।

**४. संस्थाको कार्यालय :–**

यस संस्थाको कार्यालय **पाणिनी** ............................................... मा रहने छ ।

## परिच्छेद–२

**५. संस्थाको उद्देश्य :–**

यस संस्थाको निम्न उद्देश्यहरु रहने छन् ।
क) मसिक रुपमा बचत संकलन गरी न्यून आय भएका जागरुक तर बिपन्न सदस्यहरुलाई कृषि कार्यक्रम मार्फत स्वावलम्बि बनाउन टेबा पुर्‍याउनु
ख) फलफूल, तरकारी, कफी तथा पशुपालन लगायतका आय आर्जन गर्न सकिने जातका फलफूल तथा विभिन्न जातका मौसमी तथा वेमौसमी तरकारी खेती सम्बन्धि आधुनिक प्रविधि अपनाई कृषि पेशालाई आत्मनिर्भर र सम्मानित पेशाको रुपमा विकास गर्नु ।
ग) विभिन्न संघ संस्था संग सम्बन्ध र समन्वय राखी सहयोग लिनु दिनु ।
घ) वातावरण सन्तुलन गराई आयमूलक कृषि कार्य गर्नु ।

पाणिनी गाउँपालिका

ङ)	समाजमा रहेका नराम्रा कुरिती अन्ध विश्वास जस्ता कार्य विस्तारै हटाउदै लग्न समूहका सदस्यहरु संगठित भै चेतना जगाउदै जाने ।

## परिच्छेद–३

**६.सदस्यको योग्यता :–**

क)	१८ बर्ष पुगेको नेपाली नागरिक

ख)	सदस्यहरु उन्नत कृषि प्रविधि प्रति सकारात्मक र उत्प्रेरित हुनु पर्ने ।

ग)	सदस्य समूह वा समाजको रुपमा स्वस्थ्य व्यक्ति हुनु पर्ने ।

घ)	समूह सदस्य शारिरीक र मानसिक रुपमा स्वस्थ्य व्यक्ति हुनु पर्ने ।

ङ)	कृषकहरु साधारण लेख पढ गर्न जान्ने हुनु पर्ने ।

**७.सदस्यको प्रकार :–**

सबै साधारण सदस्यहरु रहने छन् ।

**८.सदस्यता प्राप्त गर्ने र पालन गर्ने शर्तहरु :–**

सदस्यता प्राप्त गर्नको लागि यस बिधानमा तोकिएको ढांचा अनुसार अनुसूचि–४ मा उल्लेख भए अनुसार लिखित निबेदन समूहमा दिनु पर्ने छ । सदस्यता दिन उपयुक्त ठानेमा हाल सम्म प्रति एक सदस्यको जम्मा रकम र प्रवेश शुल्क १०।–( अक्षररुपि दश) वा समूहको भेलाले निर्णय गरे अनुसार लाग्ने छ र प्रत्येक महिनाको १०० हितकोषमा जम्मा गर्नु पर्ने छ ।

**९.सदस्यताको अयोग्यता :–**

क)	परिच्छेद ३ को दफा ६को उपदफा (क) देखि (ङ) सम्मको विरुद्धमा रही कार्य गर्ने व्यक्ति अयोग्य ठहरिने छ ।

ख)	कुनै पनि कानुनको दृष्टिमा भ्रष्टाचारको आरोपमा प्रमाणित भएका र नैतिकपतन देखिने गरी कानुनले प्रमाणीत गरेका व्यक्तिहरु अयोग्य ठानिने छ ।

ग)	मासिक बैठकमा लगातार ३ पटक सम्म उचित कारण बिना अनुपस्थित हुने व्यक्ति सदस्यबाट हटाईने छ ।

## परिच्छेद–४

**१०.	साधारण सभाको गठन :–**

समूहको सदस्य .......जना रहनेछन् । यी दस्यहरुको सभा नै साधारण सभा हुने छ ।

**११.	साधारण सभाको अबिधेसन :–**

क)	कार्य समितिको निर्णय बमोजिम तोकेको दिनमा मासिक बैठक, प्रत्येक बर्षको २ पटक ६/६महिनामा) फागुन र भदौं महिनामा साधारण सभाको अबिधेशन हुने छ ।

ख)	साधारण सभाको लागी गणपुरक संख्या ५१%हुनु पर्ने छ र पहिलो पटक ५१% गणपुरक संख्या मानि साधारण अबिधेशन बस्ने छ ।

**१२. साधारण सभाको काम,कर्तव्य र अधिकार :–**

क)	समूहको निती योजना र कार्यक्रमको तर्जुमा गर्ने र स्विकृत गर्ने ।

ख)	आय व्ययको बजेट प्रस्तुत गर्ने र आगामी बार्षिक बजेट पास गर्ने ।

ग)	सदस्यहरले बिधान अनुसार तोकिएको काम कर्तव्य र दायित्व विर्वाह गरेको छ /छैन समिक्षा गर्ने ।

घ)	लक्ष्य अनुरुप प्रगति भएको छ/छैन समिक्षा गर्ने ।

ङ)	प्रत्येक २/२ बर्षमा कार्य समितिको निर्वाचन गर्ने ।

**१३.	कार्य समितिको गठन विधि :–**

क)	दैनिक कार्य सञ्चालनको लागि एक कार्य समितिको गठन हुनेछ । जसमा अध्यक्ष–१, सचिब–१, कोषाध्यक्ष–१ र सदस्यहरु गरी जम्मा ७ जना रहेको एक कार्य समिति रहने छ ।

ख)	सम्पूर्ण साधारण सदस्य बाट कार्य समितिको निर्वाचन साधारण सभाले गर्ने छ

ग)	कार्य समितिका पदाधिकारी साधारण सभा प्रति उत्तरदायी हुनु पर्ने छ ।

घ)	आवश्यकता अनुसार साधारण सभा द्वारा ५ सदस्यीय सल्लाहकार समिति गठन गर्न सकिने छ । जसमा साधारण सदस्य नहुन पनि सक्ने छ ।

**१४.	कार्य समितिको बैठक र गणपूरक संख्या :–**

क) कार्य समितिको बैठक हरेक महिनाको पहिलो शनिबार बस्ने छ ।

ख) कार्य कमर्य समितिको गणपूरक संख्या ५१% हुने छ र सो को बहुमतको आधारमा निर्णय हुने छ ।

**१५. कार्य समितिको काम,कर्तव्य र अधिकार :–**

क) समूहको चल, अचल सम्पत्तिको संरक्षण,सम्बर्द्धन र परिचालन गर्नृ ।

ख) साधारण सभाबाट पारित निर्णय र निर्देशनको पालना र कार्यान्वयन गर्ने गराउने ।

ग) विभिन्न संघ संस्था सरकारी गैर सरकारी संघ,संस्थाहरु संग समन्वय गरि काम गर्ने ।

घ) बार्षिक कार्य योजना एवं आय व्यय विवरण तयार गरि साधारण सभामा पेश गर्ने ।

ङ) कार्य समितिको काम, कर्तव्य र अधिकार मध्ये केहि अन्य उप–समिति वा व्यक्तिलाई प्रदान गर्न सक्ने

## परिच्छेद–५

**१६.काम,कर्तव्य र अधिकार :–**

**क) अध्यक्ष :–**

क.१ कार्य समितिको र साभारण सभाको बैठकको अध्यक्षता गर्ने ।

क.२ कुनै निर्णयमा बराबर मत पर्न गएमा निर्णायक मत दिने ।

क.३ कार्य समिति र साधारण सभाबाट पारित निर्णयको कार्यान्वयन गर्ने गराउने ।

क.४ सचिव र कोषाध्यक्षको अनुपस्थितीमा सह–सचिव र अन्य सदस्य मध्येवाट काम गराउन नियुक्त गर्ने

**ख) उपाध्यक्ष :–**

ख.१ अध्यक्ष नभएको बेला उपाध्यक्षले दिएको कार्यभारको सम्पूर्ण कार्य गर्ने ।

ख.२ अध्यक्षले दिएको निर्देशन अनुसारका कामहरु गर्ने ।

**ग) सचिव :–**

ग.१ बैठकको कार्य सूचि अध्यक्षको सल्लाह तथा निर्देशन अनुसार तयार गर्ने र निर्णय पुस्तिका लेख्ने ।

ग.२ समूहको सम्पूर्ण चल र अचल सम्पत्तिको लेखाराखी संरक्षण र लागत राख्ने ।

**घ) सह–सचिव**

घ.१ सचिवको अनुपस्थितीमा सचिवको सम्पूर्ण भूमिका निर्वाह गर्ने ।

घ.२ सचिवलाई सहयोग हुने अन्य काम गर्ने ।

**ङ) कोषाध्यक्ष**

ङ.१ समूहको आम्दानी खर्चको विवरण राख्ने ।

ङ.२ समूह सदस्यबाट नियमित रकम (हितकोष) असुल गर्ने र लागत राख्ने ।

ङ.३ बचत रकम कार्यसमितिको निर्णय अनुसार लगानी र असुली गर्ने ।

ङ.४ समूहको हिसाव किताव साधारण सभामा पेश गर्ने ।

**च) सदस्यहरु :**

च.१ साधारण सभा प्रति वफादार हुनुपर्ने ।

च.२ कार्य समितिलाई सहि सुझाव र सल्लाह दिने र नियमित बैठकमा उपस्थित हुने ।

च.३ बैठकको निर्णय प्रक्रियामा सक्रिय सहभागीता देखाउने ।

च.४ समूहको बिधान बमोजिम आफूलाई दायित्व बोध गरी जिम्मेवार पूर्ण रुपमा प्रस्तुत गर्ने ।

## परिच्छेद–६

**१७. साधारण सभा :**

अ. कार्यसमितिले बर्षको कम्तिमा १ पटक साधारण सभा बोलाउनु पर्ने छ ।

आ. प्रत्येक बर्षको फागुनमा भएको साधारण सभाले चालु बर्षको आय व्यय प्रस्तुत गर्ने र आगामी बर्षको आय व्ययको अनुमान गरी कार्य योजनामा पेश गर्ने र पारित गराउनु पर्ने छ ।

इ. साधारण सदस्यको एक तिहाई अर्थात ३३% ले कार्य समित समक्ष लिखित रुपमा साधारण सभा बोलाउनु पर्ने माग गरेमा ७ दिन भित्र साधारण सभा बोलाउनु पर्ने छ ।

**१८. लेखा परिक्षण :–**

अ. प्रत्येक बर्ष कार्य समितिले रजिष्टर्ड लेखा परिक्षकबाट लेखा परिक्षण गराई राख्नु पर्ने छ र उक्त लेखा परिक्षणको एक प्रति फोटोकपीको प्रमाणीत प्रतिलिपी सम्बन्धित पाणिनी गाउँपालिका कृषि शाखा दुर्गाफाट अर्घाखाँचीमा पठाउनु पर्ने छ ।

**१९.समूह बिघटन र सम्पत्ति सुरक्षा :–**

पाणिनी गाउँपालिका

अ. ५०% साधारण सदस्यहरुले विभिन्न स्पष्ट लिखित कारण देखाई समूह बिघटन गर्न माग गरेमा साधा रण सभा बोलाई सदस्यहरुको ७५% को मत भन्दा कम नभएको भएमा समूह बिघटन हुन सक्ने छ ।

आ. विघटित समूहको चल अचल सम्पति नाफा नोक्शान जे छ सबै सदस्यहरुले समानुपातिक रुपमा बाँडफाँड गरि लिने छन् ।

## परिच्छेद–७

### २०.आर्थिक श्रोतका आधारहरु :

क) समूहका साधारण सदस्यहरु बाट उठ्ने नियमित मासिक शुल्क ।

ख) समूहमा प्रथम पटक प्रबेश हुदा सदीयहरु बाट लिईने प्रबेश शुल्क र अन्य किसिमका शुल्क ।

ग) सरकारी तथा गैह्र सरकारी संघ संस्था आदिबाट प्राप्त आर्थिक सहयोग ।

घ) अन्य (जस्तै दण्ड जरिमाना आदि) बाट आएको रकमहरु ।

### २१.चल अचल सम्पतिको विवरण :–

चल अचल सम्पतिको विवरण कोषाध्यक्षले राख्नु पर्ने छ । सो को जानकारी सम्पूर्ण सदस्यहरुलाई हुनु पर्ने छ । परिचालन गर्दा कार्य समितिको बैठकको निर्णय अनुसार अध्यक्ष र कोषाध्यक्षको सयुक्त हस्ताक्षरबाट मात्र गरिने छ ।

### २२.कोषको व्यवस्था :–

क) कृषक समूहका सदस्यलाई समय समयमा आर्थिक समस्या समाधान गर्न सजिलो होस्भन्नाका लागि एक घुम्तिकोषको स्थापना गरि सञ्चालन गरिने छ ।

ख) कोषको रकम अध्यक्ष र कोषाध्यक्षको सयुक्त हस्ताक्षर बाट मात्र संचालन हुन सक्ने छ ।

ग) समूहमा रहेको रकम समूहका सदस्यहरुले आबश्यकता परेको वेला लिखित ऋण माग गरेको निबेदन समूहमा दिई अति आबश्यकताको आधारमा आमभेला ले निर्णय गरेको सहुलिएत व्याज दर र समयको लागी तोकेको आधारमा ऋण कार्य समितिको निर्णय अनुसार दिन सक्ने छ र ऋण दिंदा नगद नदिएर रा.बा.बैंक अर्घाखाँची शाखा कार्यालय,अर्घाखाँचिमा समूहको अध्यक्ष र समूहको कोषाध्यक्षको सयुक्त दस्तखत द्वारा बचत खातामा सञ्चालन गरिनेछ ।

घ) समूहको रकम रा.वा.वैंक सन्धिखर्क शाखा कार्यालय, सन्धिखर्क, अर्घाखाँचीमा समूहको अध्यक्ष र समूहको कोषाध्यक्षको सयुक्त दस्तखत द्वारा वचत खातामा सञ्चालन गरिने छ ।

### २३.निर्वाचन सम्बन्धि व्यवस्था :–

क) सर्व सम्मति वा मतदान द्वारा निर्वाचन गर्न सकिने छ ।

ख) कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष र सदस्यहरुको पदको निर्वाचन हुने छ ।

ग) ३ सदस्य निर्वाचन आयोग रहने छ । आयोगमा रहको व्यक्ति त्यस समूह बाहिरको शिक्षित, बुद्विजिवी, समाजसेवी,अगुवा कृषकहरु मध्ये बाट १(एक)जना,सम्बन्धित कृषि सेवा केन्द्र, .........का सेवाकेन्द्र प्रमुख वा निजले तोकेको प्रतिनिधि प्राविधिक कर्मचारी मध्ये बाट १(एक)जना, र समूहको कुनै पनि पदमा भाग नलिने तटस्थ बस्न सक्ने साधारण सदस्यहरुको तर्फवाट आम भेलाले मनोनित गरेको व्यक्ति १ (एक) गरी जम्मा ३(तिन)जनाको निर्बाचन आयोग रहने छ । समूहको निर्वाचनमा बसेको सदस्य कार्य समितिको उम्मेदवार हुन पाउने छैन । तर उक्त सदस्यको गोप्य मताधिकार भने सुरक्षित रहने छ ।

घ) निर्वाचन सम्बन्धि सम्पूर्ण कार्य विधि आयोगले तय गर्ने छ ।

ङ) निर्वाचित कार्य समितिको कार्यबिधि २ बर्षको हुनेछ । २ बर्ष पछि अर्को कार्य सिमितिको निर्बाचन हुने छ ।

### २४.अविश्वासको प्रस्ताव :–

क) पदाधिकारीको विरुद्वमा अविश्वासको प्रस्ताव राख्न २५%साधारण सदस्यको संयुक्त हस्ताक्षर सहितको निबेदन पर्नु पर्ने छ र साधारण सदस्यको ५१%को बहुमतको निर्णय अनुसार कार्यान्वयन हुने छ ।

ख) अध्यक्ष बाहेक अन्य सदस्यको अविश्वास वा अन्य कुनै कारणले पद रिक्त भएमा १५ दिन सम्म अध्यक्षले नयाँ सदस्य नियुक्त गर्न सक्ने छ र १५ दिन भित्र नयाँ कार्य समिति वा सदस्यको निर्वाचनद्वारा पद पूर्ति गर्नु पर्ने छ ।

ग) अध्यक्षको पद रिक्त भएमा उपाध्यक्षले कार्य समितिको अध्यक्षता ग्रहण गरि १५ दिन भित्र अध्यक्ष सिहित कार्य समितिको निर्वाचन गर्नु पर्ने छ ।

### २५.बिधान संधोधन :–

विभिन्न दफा र परिच्छेदमा संशोधन गर्नु परेको कुरा आवश्यकता बोध भएमा साधारण सदस्यको सर्व सम्मत वा बहुमतबाट विधान संशोधन गर्न सकिने छ ।

### २६.नियम नियमावली बनाई लागु गर्ने :–

कार्य समितिले नियम बनाई साधारण सभाबाट पारित गरेपछि लागु गर्न सक्ने छ ।

### २७.सदस्यको निष्काशन :–

क) कुनै कार्य समिति सदस्यले मासिक बैठकमा लगातार ३ पटक बिना सूचना र बिना उचित कारण अनुपस्थित भएमा निष्काशन हुने छ ।

ख) कुनै सदस्यले मासिक शुल्क लगातार ६ महिना सम्म नबुझाएमा र समूहको ऋणको साँवा व्याज भाखा नाघेको ६ महिना सम्म नबुझाएमा साधारण सभाले असुल उपर गरी निष्काशन गर्न सक्ने छ

ग) कुनै सदस्यले समूहको अहित हुने गरि कार्य गरेमा वा समूहको गोप्यताको उल्लघन गरेमा नराम्रो शव्द प्रयोग गरी समूहको ईज्जत माथी असर पर्ने भएमा वा कार्य गरेका त्यस्तो सदस्यलाई समूहबाट निष्काशन गरिने छ ।

## २८.राजीनामा :–

क) कुनै पदाधिकारीले राजिनामा दिनुपर्ने भएमा उचित काररण सहितको राजिनामा कार्य समिति समक्ष पेश गनु पर्ने छ ।

ख) कारण उचित ठहरिएमा उपाध्यक्ष, सचिव, सह–सचिव, कोषाध्यक्ष र सदस्यहरुको राजिनामा अध्यक्षले स्विकृत गर्नु पर्ने छ र अध्यक्षको राजिनामा कार्य समितिको बैठकले स्विकृत गर्ने छ ।

अध्यक्षको राजिनामा परेको तर स्विकृत नभएको अवस्थामा बैठकको अध्यक्षता उपाध्यक्ष बाट हुने छ ।

## २९.समूहको कार्यक्षेत्र :–

यस **श्री** ...................................................................... **कृषक समूह पाणिनी ५ अर्घाखाँचीको** कार्यक्षेत्र हाँल लाई पाणिनी ....... **अर्घाखाँचीमा** रहने छ र समूह विभिन्न क्षेत्रको दक्षतामा निपूर्ण भएपछि सहकारीतामा परिणत भई यसै गा पा.को अन्य वडाहरु हुँदै छिमेकी गा पा.हरु र विस्तारै जिल्लाको सबै क्षेत्रमा कार्यक्षेत्र विस्तार गर्दै लग्ने छ ।

## ३०.खारेजी :–

यो बिधान नेपाल सरकारको निती नियम संग बाझिएमा स्वत : खारेजी हुने छ ।

### अनुसूचि–१

**कार्य समिति पदाधिकारीहरुको नामावली**

| सि.नं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री | |
| २ | उपाध्क्षय | श्री | |
| ३ | सचिब | श्री | |
| ४ | कोषाध्यक्ष | श्री | |
| ५ | सदस्य | श्री | |
| ६ | सदस्य | श्री | |
| ७ | सदस्य | श्री | |

**अनुसूचि–२**

**साधारण सदस्यहरुको नामावली**

| सि.नं. | पद | नामथर |
|---|---|---|
| १ | सदस्य | श्री |
| २ | सदस्य | श्री |
| ३ | सदस्य | श्री |
| ४ | सदस्य | श्री |

पाणिनी गाउँपालिका

| | | |
|---|---|---|
| ५ | सदस्य | श्री |
| ६ | सदस्य | श्री |
| ७ | सदस्य | श्री |
| ८ | सदस्य | श्री |
| ९ | | |

**अनुसूचि–३** कृषक
समुहको छाप

## अनुसूचि–४
**कृषक समूह सदस्यता दरखास्त फाराम**

श्रीमान् अध्यक्ष ज्यू ,
श्री ............................................ कृषक समूह
.................गा.पा वडा नं.....,............., अर्घाखाँची ।

विषय :–समूहमा सदस्यको लागि नाम समावेश गरी दिनु हुन

महोदय,

म यस समूहको विधानलाई स्वीकार गरी समूहको सदस्यता प्राप्त गर्न इच्छुक भएकोले नियमानुसार सदस्यता प्रदान गर्नुहुन विनम्र अनुरोध छ ।

नाम :–
बाबुको नाम :–
ठेगाना :–
शैक्षिक योग्यता :–
कृषि पेशामा सहभागी :–
खेती जग्गाको विवरण :–
लगाउने गरेको बालीहरु :–
समूहको सदस्यहरुको सिफारीस :–

| नाम | ठेगाना | दस्तखत |
|---|---|---|

निवेदकको

पाणिनी गाउँपालिका

नाम :–

दस्तखत :–

## अनुसूचि–५

**कृषक समूह ।समीती  ऋण माग फारामको नमुना :**

श्रीमान् अध्यक्ष ज्यू ,

श्री ...................................... कृषक समूह,
.....................गा.पा वडा नं.....,............... अर्घाखांची

**विषय :– ऋण उपलव्ध गराईदिने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा मलाई.......................कामको लागि आवश्यकतरेको रु.........(अक्षररुपी..................) मात्र समूह हितकोषबाट ऋण उपलव्ध गराईदिनु हुन अनुरोध गर्दछु ।

साथै यसै निवेदन साथ जमानी सदस्यको सिफारीस पेश गरेको छु । नियमानुसार रु......(अक्षररुपी......................) मात्र ऋण किस्ता मासिक व्याज,मासिक बचत नियमित रुपले प्रत्येक महिना बुझाउने छु ।

**समूहका सदस्यहरु वाट जमानत वस्नेहरु :**

नाम                ठेगाना                दस्तखत



पाणिनी गाँउपालिका

१

२

३

निवेदक
दस्तखत :
श्री

**कार्यालय प्रयोजनका लागि**

सदर भए बमोजिम ऋण रु............................(अक्षरेपी.............................)मात्र

लिनुपर्ने मासिक किस्ता रु.................................(अक्षरेपी............................)मात्र

ऋण उपलव्धता भएको चेक नम्बर :–

( ) ( ) ( )

कोषाध्यक्ष : सचिव : अध्यक्ष :

**अनुसूचि–६**

तमसुकको नमुना

लिखीतम अर्घाखाँची जिल्ला पाणिनी गा पा वार्ड नं.......मा बस्ने..................को नाति.......................को छोरा/छोरी/पत्नी बर्ष........को....................आगे श्री ..........................कृषक समूह,..........–.....,...............,अर्घाखाँची बाट निर्धारित गरिएको व्याजदर अन्य शर्त नियमका अधिनमा रही घरखर्च/मल/बीउ/विरुवा/कृषि औजार...........कार्य गर्नका निमित्त सापटी ऋण नगद रु................(अक्षररुपी.....................) यस समूहको रा.वा. बैंक शाखा कार्यालय.......स्थित बचतको चेक नं........बाट बुझिलिई सावा व्याज २०...साल...महिनाको मसान्त भित्र तिर्ने बुझाउने भाका राखी तपसिल खण्डमा लेखिएका व्यक्तिको रोहवरमा यस समूहको कार्यालयबाट बुझिलिएको ठीक साँचो हो ।

माथि कवुलिएत गरिएको भाका भित्र साँवा व्याज तिर्ने बुझाउने छु । तिर्न बुझाउन सकिन भने मेरो चल अचल श्री सम्पतिबाट नेपालको प्रचलित ऐन कानुन बमोजिम असुल उपर गरी लिएमा मेरो मञ्जुर छ । तपसिल खण्डमा साक्षी किनारा सदार ।

पाणिनी गाउँपालिका

अर्घाखाँची जिल्ला पाणिनी गा पा. वार्ड नं..... वस्ने.....वर्षको....

अर्घाखाँची जिल्ला पाणिनी गा पा वडा नं......बस्ने वर्षको......

अर्घाखाँची जिल्ला पाणिनी गा पा वडा नं......बस्ने वर्षको......

पाणिनी गाउँपालिका

## अनुसूचि ७
### वार्षिक कार्य योजना तालिका

समूहको नाम :–श्री ................................. कृषक समूह
ठेगाना :– पाणिनी गा पा वडा नं.......,...................,अर्घाखाँची

| सि.नं. | कामको विवरण | इकाई | माग गरेको वजेट | | | समयावधी | जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| | | | कृषक स्वयले व्यहोर्ने | बाह्य श्रोत | जम्मा बजेट | | |
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

पाणिनी गाउँपालिका

अनुसूचि–८

# कृषकको विवरण

| सि.नं. | कृषकको नाम थर | ठेगाना | जग्गा रोपनी | मुख्य खेती | लागत जम्मा | वार्षिक आम्दानी | अन्य आम्दानी | जम्मा खर्च | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| ११ | | | | | | | | | |
| १२ | | | | | | | | | |
| १३ | | | | | | | | | |
| १४ | | | | | | | | | |
| १५ | | | | | | | | | |
| १६ | | | | | | | | | |
| १७ | | | | | | | | | |
| १८ | | | | | | | | | |
| १९ | | | | | | | | | |
| २० | | | | | | | | | |
| २१ | | | | | | | | | |
| २२ | | | | | | | | | |
| २३ | | | | | | | | | |
| २४ | | | | | | | | | |
| २५ | | | | | | | | | |
| २६ | | | | | | | | | |

पाणिनी गाउँपालिका